# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः ५ मितिः २०७९।०५।२३


**भाग-२**

शिवराज नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको योजना सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७९

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगरकार्यपालिकाले यो **विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७९** जारी गरेको छ ।

# विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७९

## १.१ पृष्ठभूमि

विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन राष्ट्रिय रणनीतिक योजना २०१८-२०३० ले नेपाल विपद जोखिमका दृष्टिकोणले विश्वमा उच्च जोखिम मुलुक मध्ये पर्दछ भन्ने उल्लेख गरेको पाइन्छ । पछिल्लो ४५ वर्षमा सन् १९७१ देखि २०१५ सम्म झण्डै ४० हजार भन्दा बढीले ज्यान गुमाएका छन भने यो संख्या प्रतिदिन २ जनाको दरले मृत्यु हुने गरेको तथ्यांक हो । नेपालको भौगोलिक बनावट, भूधरातल र भूगर्भिय संरचनाले गर्दा प्रकोपको घटना घटि रहने मुलुकको रुपमा परिचित छ । यसका साथै विकासका कार्यहरु गर्दा विपद् संवेदनशिल विकास निर्माण नगरिएको र यस सम्वन्धि सचेतनाको कमीले पनि विपद्को जोखिम बढेको छ । विश्वका १९८ मुलुक मध्ये नेपाल भूकम्पिय जोखिमका दृष्टिले ११ औं पानी जन्य प्रकोपको दृष्टीले ३० औं र जलवायू जन्य प्रकोपको दृष्टीले चौथौं (हाल १२ औ) स्थानमा रहेको छ । यस अवस्थाले गर्दा नेपालका सवै नगरपालिका तथा गाउंपालिकाहरुले विपद भएको अवस्थामा आपतकालिन सेवा दिनको लागि विपद पूर्व तयारी र प्रतिकार्य योजना बनाउनु पर्ने देखिन्छ ।

यसै सन्दर्भमा शिवराज नगरपालिका पनि प्रकोप प्रभावित नगरपालिकाको रुपमा रहेको छ । प्रत्येक वर्ष बाढी, सुख्खा खडेरी, आगलागी, शितलहर, पहिरो, महामारी र अन्य प्रकोपबाट हुने क्षतिबाट यो नगरपालिका पनि विपद्को जोखिममा रहेको पुष्टी हुन्छ । विपद् जोखिम व्यवस्थापनका विभिन्न चरणमा गरिने कार्यहरूमध्ये विपद् पूर्व तयारी र प्रतिकार्य योजना एक महत्वपुर्ण चरण हो । यस योजनाले विपद् हुनु भन्दा पहिले र विपद्को तत्कालीन प्रभाव समाप्त नभएसम्म क्षति कम गर्नलाई कार्य गर्ने भएकोले यो एक महत्वपूर्ण दस्तावेजको रुपमा रहन्छ ।

यस योजनाले विपद पूर्व पूर्व तयारीका कार्यहरु, विपद् परि रहेको समयमा र विपद्बाट उत्पन्न असहज अवस्थामा आधारभूत मानवीय सेवा उपलब्ध गराउने कार्यलाई योजनाबद्ध रुपमा कार्यान्वयन गर्न एक प्रकारको खाका तयार गर्दछ । विपद् र त्यसबाट उत्पन्न असहज अवस्थामा खोज तथा उद्धारका कार्य गरी मानव जीवनको रक्षा गर्नु, विपद प्रभावितहरुलाई राहत सहयोग उपलव्ध गराउनु, प्रभावितहरुको आवासको व्यवस्था मिलाउनु, महिला, गर्भवती, सुत्केरी, विरामी, वालवालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिकहरु, दिर्घरोगी, एच.आइ.भि. पिडितको सुरक्षाको व्यवस्था मिलाउनु, सर्वसाधारणको धन सम्पतीको सुरक्षाको व्यवस्था मिलाउनु यस योजनाको प्रमुख लक्ष्य हो ।

विपद्का विगतका अनुभवका आधारमा मानवीय सहयोगलाई व्यवस्थित बनाउन आपत्कालीन अवस्थामा प्रभावकारी प्रतिकार्य गर्न योजना बनाउनु महत्वपूर्ण देखिएकोले शिवराज नगरपालिकाले यो योजना तर्जुमा गरेको छ । यस योजनामा विभिन्न ९ वटा क्लष्टरहरु पहिचान गरिएको छ र सोही अनुसार प्रतिकार्य कसरी गर्ने र प्रतिकार्य गर्नको लागि पूर्वतयारी गर्ने योजनाहरु तयार गरिएको छ । यो योजना शिवराज नगरपालिकाको एक महत्वपुर्ण दस्तावेजको रुपमा रहनेछ भने यस योजना गृह मन्त्रालयको विपद पुर्व तयारी तथा प्रतिकार्य योजना निमाण निर्देशिका, २०६७ र संशोधित २०७६ मा आधारित रहेर वनेको छ ।

### १.२ विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य

प्रकोपको घटनाले निम्त्याउन सक्ने आपतकालिन अवस्थामा हुने जनधनको क्षति न्यूनिकरण गर्न र आपतकालिन समयमा मानिस माथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न स्थानीय स्रोतको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी, जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउनु यस योजनाको मूल उद्देश्य हो । यस योजनाका अन्य उद्देश्यहरु निम्नानुसार छन्ः

- भविष्यमा हुन सक्ने संभावित विपद्लाई ध्यानमा राखी धनजनको क्षति कम गर्न समुदायमा पूर्व तयारी कार्यहरु गर्नु,
- विपद्मा परेका व्यक्ति, परिवार र समुदायलाई तत्काल खोज तथा उद्धार गरी मानवीय सहयोग उपलब्ध गराउनु,
- विपद्बाट प्रभावित समुदायलाई सुरक्षित स्थानमा सम्मानजनक जीवनयापनका लागि आधारभूत सहयोग जस्तै गाँस, वास, कपास, शिक्षा, खानेपानी र स्वास्थ्य सेवा उपलब्ध गराउनु,
- उपलब्ध न्यूनतम साधन-स्रोतको अधिकतम उपयोग गर्दै आवश्यक पर्ने थप साधन-स्रोतको खोजी गरी नेपाल सरकार र पालिका स्तरिय विपद व्यवस्थापन समितिबाट भएका निर्णयको कार्यान्वयन गर्न सरोकारवाला निकाय तथा संघ संस्थासँग समन्वय गरी विपद् प्रभावित समुदायलाई सहयोग उपलब्ध गराउनु ।
- संकटासन्नता समुहका गर्भवती र सुत्केरी महिला, वालवालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक र एच.आई.भी. संक्रमित व्यक्तिहरुलाई विशेष प्राथमिकता दिएर सहयोगका कार्यहरु गर्नु र उनीहरुको संरक्षण गर्नु

### १.३ योजनाको आवश्यकता तथा महत्व

नेपालको भू-धरातल, प्रकोपसंग जुध्न सक्ने कमजोर क्षमता आदिले नेपालले आपतकालिन अवस्थाको लागि पूर्वतयारी गर्नु आवश्यक देखिन्छ । विपद् व्यवस्थापन भित्र गरिने विभिन्न चरणका कार्यहरु मध्ये पूर्वतयारी विपद् आउनु भन्दा अगाडी र प्रतिकार्य योजना विपद् परे लगत्तै स्थिति सामान्य नभएसम्म कार्यान्वयन हुन्छ । विपद्को यो समय ज्यादै संवेदनशील भएकोले यस समयमा गरिने मानवीय सहयोग महत्वपूर्ण रहने हुनाले योजनाको ठूलो महत्व रहन्छ । विना योजना र तयारीको अवस्थामा विपदको अवस्था आयो भने धेरै ठुलो धनजनको क्षति हुन जान्छ र मानिसहरुले धेरै दुःख पाउछन । तर व्यवस्थित तरिकाले योजना निर्माण गरी सोही अनुसारको पूर्वतयारी गर्न सकेमा विपदको अवस्थामा पनि हुन सक्ने जोखिम र क्षतिलाई कम गर्न सकिन्छ । विपद्ले फेरि पुनः अर्को विपद आउन दिनु हुदैन । त्यसैले यो योजनाको विशेष महत्व रहेको छ । साथै यस योजनामा विभिन्न क्लष्टरहरुले आ आफनो विशेषज्ञता र दक्षता अनुसार सेवा प्रदान गर्दछन् जसले गर्दा प्रभावित भएका समुदायका सवै वर्गहरुले र सवै क्षेत्रहरुको सहयोग प्राप्त गर्न सक्ने अवस्था रहन्छ ।

### १.४ विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रिया

**नगरपालिका संग छलफलः** आपत्कालिन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गर्ने क्रममा नगरपालिका र नगरपालिकालाई सहयोग गरिरहेको संयुक्त राष्ट्र संघिय संस्था युनीसेफ विच पटक पटक छलफल भै योजना बनाउने सहमति भएको थियो । यस पश्चात संचालन गरिएका प्रक्रियाहरु निम्न अनुसार रहेका छन्

**दस्तावेजहरुको अध्ययनः** नगरपालिकामा रहेका विभिन्न विपद संग सम्वन्धित दस्तावेजहरु जस्तै स्थानीय विपद् तथा जलावायू उत्थानशील योजना, नगरपालिकाको वडा तहको सूचनाहरु, तालिम प्राप्त जनशक्तिहरु, पुर्वतयारीका सामग्रीहरु आदि अध्ययन गरिएको थियो ।

**प्रारम्भिक गोष्ठीः** विपद पूर्व तयारी तथा प्रतिकार्य योजना बनाउने क्रममा नगरपालिका स्तरका मुख्य सरोकारवालाहरु जस्तै सुरक्षा निकाय, पत्रकार, उद्योग वाणिज्य संघ, होटेल व्यवसायी संघ, जनप्रतिनीधीहरु, वडा अध्यक्षहरु, गैर सरकारी संस्थाका प्रतीनीधीहरु, दलित जनजाती, महिला, अपांग आदिको सक्रिय सहभागितामा यस योजना वनाउने वारेमा १ दिनको गोष्ठी २०७६ माघ १३ गते गरिएको थियो । साथै गोष्ठीमा योजनाले विशेष गरेर प्रभावकारी प्रतिकार्य गर्न विभिन्न संघ संस्थाहरुले साथै नगरपालिकाले गर्नपर्ने पूर्वतयारीको वारेमा छलफल गरिएको थियो । साथै संभावित विपदको परिदृश्य र नगरपालिकाले गर्नु पर्ने न्यूनतम तयारी, विभिन्न ९ वटा क्लष्टरहरुको पहिचान र

सो क्लष्टर जिम्मेवारी वहन गर्ने पदाधिकारी छनौट आदि गरिएको थियो । यस गोष्ठीले विशेष गरेर नगरपालिकाको जनसंख्यालाई आधार मानेर त्यसको २ प्रतिशत कम्तिमा १५२६ जनालाई सहयोग पुऱ्याउने उद्देश्यले न्यूनतम तयारी गर्न परिदृश्य निर्माण गरिएको थियो । यस भन्दा बढी प्रभावित भएको खण्डमा बाह्य सहयोगको आवश्यकता पर्ने छलफल गरिएको थियो । यस गोष्ठीले क्लष्टरको योजना पुनः अर्को गोष्ठी गरी तयार गर्ने निर्णय गरेको थियो ।

**क्लष्टर विच गोष्ठी, छलफल र योजना तर्जुमाः** पहिलो गोष्ठीले तय गरेको छलफलको आधारमा ९ वटा क्लष्टरको पुनः एक दिनको योजना तर्जुमा गोष्ठी २०७६ माघ २७ गते संचालन गरिएको थियो । यस गोष्ठीमा क्लष्टरमा रहेको अगुवा तथा सहयोगी संस्थाहरुको सहभागिता रहेको थियो । सहभागीमूलक रुपमा क्लष्टरको संभावित विपद्को परिदृश्य, क्लष्टरको उद्देश्य, प्रतिकार्य गर्ने क्रियाकलापहरु र त्यसकालागि आवश्यक पर्ने पूर्वतयारीका कार्यहरु तय गरिएको थियो साथै यस नगरपालिकामा रहेको सामाजिक विकास मञ्चलाई स्थानीय अगुवा सहयोगी संस्थाको रुपमा छनौट गरिएको थियो ।

**मस्यौदा लेखनः** सवै क्लष्टरले योजना तयार गरिसकेपछि सो योजनालाई एकिकृत गरी परामर्शदाताले मस्यौदा विपद पूर्वतयारी र प्रतिकार्य योजना तयार गरेको थियो ।

**मस्यौदा योजना छलफल गोष्ठीः** मस्यौदा योजना माथि छलफल नगरपालिकाका प्रमुख सरोकारवालाहरु संग एक दिन छलफल गरियो । उक्त गोष्ठीबाट आएको सुझावहरुलाई समेटेर अन्तिम योजना तयार गरिएको थियो । यसैगरि वर्षै पिच्छे यस योजनाको अद्यावधिक गर्दै जानु पर्ने भए पनि कोभिड १९ को महामारीको कारण २०७७ मा अद्यावधिक गर्न नसकेपनि यस वर्ष स्थानीय विपद व्यवस्थापन समितिका पदाधिकारीहरु, विभिन्न विषयगत क्षेत्रका प्रमुखहरु लगाएतको मिति २०७८ आश्विन १३ गते पुर्ण वैठक वसी यस योजनालाई अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ ।

## खण्ड २ विपद् जोखिम विश्लेषण, संकटासन्नता स्तरीकरण र परिदृश्य निर्माण (मान्यता योजना)

### २.१ प्रकोपको पहिचान तथा स्तरिकरण

नगरपालिकामा रहेका ११ वटा वडा स्तरमा गरिएको स्तरिकरणलाई समायोजन गर्दै स्थानीय विपद् व्यवस्थापन समिती र नगर कार्यपालिकासंगको छलफल तथा विश्लेषण र वडाबाट आएको प्रकोप स्तरीकरणको आधारमा समष्टिगत रुपमा नगरपालिका भरि भुकम्पलाई पहिलो र महामारीलाई क्रमसः पहिलो र दोस्रो ठुलो प्रकोपको रुपमा लिदै खडेरी तेस्रो ठुलो प्रकोपको रुपमा पहिचान भएको छ । यसै गरि बाढी, शितलहर, आगोलागी, जनावर आतङ्क, हावाहुरी, चट्टयाङ्क, सडक दुर्घटना,

पहिरो र असिना रहेका छन । यद्यपि कुनै बिपद् कुनै वडाको लागि प्रमुख मानिएको छ भने कुनै बिपद् अर्को वडाको लागि प्रमुख रुपमा लिईएको छ । खडेरीले बडा नं ३, ४, ५, ७, ८ र १० मा धेरै प्रभाव पार्ने भएकाले समग्र नगरपालिकाको प्रकोपको स्थीतिलाई हेर्दा माथी उल्लेख गरिएको २ वटा प्रकोपहरु वहेक खडेरी प्रमुख मानिएको छ, बाढी वडा नं १, २ र ९ मा पहिलो स्तरिकरणमा आएको छ भने त्यसैगरि वडा नं ६ मा आगोलागी, वडा नं ११ मा शितलहरलाई प्रमुख बिपद्मा राखिएको छ । यसबाट के प्रस्ट हुन्छ भने शिवराज नगरपालिका बहु-प्रकोपको जोखिम रहेको छ तसर्थ यसको प्रभावकारी व्यवस्थापन र न्युनीकरण तथा अनुकुलन गर्न समुदायलाई मात्र नभई नगरपालिका लाई ठुलो चुनौतिको रुपमा आएको छ ।

**पालिका स्तरीय विपद् व्यवस्थापन समितिवाट प्रकोप पहिचान तथा स्तरिकरण**

| वडा नं. | पालिका स्तरिय विपद् ब्यस्थापन समिति द्धारा वडा स्तरिय प्रकोप पहिचान तथा स्तरिकरण जोडा विधि मार्फत | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| १ | भुकम्प | कोभिड १९ | बाढी | खडेरी | आगोलागी | शितलहर | जनावर आतङ्क | सडक दुर्घटना | हावाहुरी |
| २ | भुकम्प | कोभिड १९ | बाढी | खडेरी | शितलहर | आगोलागी | सडक दुर्घटना | जनावर आतङ्क | असिना |
| ३ | भुकम्प | कोभिड १९ | खडेरी | शितलहर | जनावर आतङ्क | आगलागि | सडक दुर्घटना | बाढी | असिना |
| ४ | भुकम्प | कोभिड १९ | खडेरी | आगोलागी | शितलहर | माहामारी | जनावर आतङ्क | बाढी | चट्टयाङ्क |
| ५ | भुकम्प | कोभिड १९ | खडेरी | आगोलागी | शितलहर | जनावर आतङ्क | असिनापानी | बाढी | सडक दुर्घना |
| ६ | भुकम्प | कोभिड १९ | आगोलागी | शितलहर | जनावर आतङ्क | आगलागी | सडक दुर्घटना | वाढी | हावाहुरी |
| ७ | भुकम्प | कोभिड १९ | खडेरी | आगोलागी | सितलहर | सडक दुर्घटना | जनावर आतङ्क | बाढी | चट्टाङ्ग |
| ८ | भुकम्प | कोभिड १९ | खडेरी | शितलहर | बाढी | आगोलागी | सडक दुर्घटना | जनावर आतङ्क | असिना |
| ९ | भुकम्प | कोभिड १९ | बाढी | खडेरी | जनावर आतङ्क | सितलहर | आगोलागी | सडक दुर्घटना | पहिरो |
| १० | भुकम्प | कोभिड | खडेरी | शितलहर | जनावर | आगलागि | बाढी | सडक | हावाहुरी |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १९ | | | आतङ्क | | | दुर्घटना | |
| ११ | भुकम्प | कोभिड १९ | शितलहर | खडेरी | आगलागि | जनावर आतङ्क | सडक दुर्घटना | बाढी | सडक दुर्घना |

*नोटः प्रकोप स्तरीकरण विपद् तथा जलवायू उत्थानशील योजना बाट साभार गरी संकटासन्नताको स्तर सामुहिक छलफलबाट तय गरिएको ।*

## २.२ संभावित परिदृश्य

शिवराज नगरपालिकामा नेपाल सरकारको सर्वेक्षण २०६८ अनुसार जम्मा घरधुरी संख्या ६३४६ रहेको छ भने जम्मा जनसंख्या ४५२०१ रहेको छ ।

| वडा नं. | घरधुरी | जम्मा जनसंख्या |
|---|---|---|
| १ | ७७४ | ८८९५ |
| २ | १६० | ४८२० |
| ३ | १००० | ८००२ |
| ४ | १२०० | ७१९२ |
| ५ | २००० | ११७७९ |
| ६ | १२०० | ६९६७ |
| ७ | ७३० | ३८०५ |
| ८ | ७५० | ५७३५ |
| ९ | १२०० | ७२६६ |
| १० | ७०० | ४४६२ |
| ११ | ११५० | ७४०२ |
| जम्मा | १०८३७ | ७६,३२५ |

**स्रोतः शिवराज नगरपालिका घरधुरी सर्वेक्षण**

प्रभावित हुन सक्ने घरधुरी संख्याः २१६

प्रभावित हुन सक्ने जनसंख्याः १५२६

प्रभावित हुन सक्ने वालवालिका ५ वर्ष मुनिकाः ३०

प्रभावित हुन सक्ने वालवालिका ६ देखि १२ वर्ष सम्मकाः ३०

प्रभावित हुन सक्ने गर्भवती महिलाः २०

प्रभावित हुन सक्ने सुत्केरी महिलाः २०

प्रभावित हुन सक्ने अपांगता भएका व्यक्तिहरुः २०

प्रभावित हुन सक्ने जेष्ठ नागरिकः १२०

**नोटः** प्रभावित हन सक्ने संख्या जम्मा घरधुरी र जनसंख्याको २ प्रतिशतका दरले लिइएको छ भने अन्य जनसंख्या गोष्ठीमा भएको छलफल र सहमतीको आधारमा लिइएको छ । नगरपालिकाले यति सम्मको लागि पूर्वतयारी गर्दछ भने यस भन्दा बढी क्षति भएमा वाहय सहयोगको आवश्यकता पर्दछ)

संभावित परिदृश्यलाई महामारी, बाढी, पहिरो, सुख्खा खडेरी, भूकम्प र आगालागीबाट विपद्को अवस्था आई २१६ घरधुरी प्रभावित भै कम्तिमा १५२६ जनसंख्या प्रभावित हुन सक्ने र ती प्रभावित समुदायहरु शिविरमा वसेको अवस्था हुने अनुमान गरिएको छ । शिविरमा जम्मा जनसंख्या मध्ये १५२६ हुने जसमा घरधुरी संख्या २१६, वालवालिका ६० जना, गर्भवती र सत्केरी महिला गरी ४० जना, अपांगता भएका व्यक्तिहरु २० जना र जेष्ठ नागरिक १२० जना कम्तिमा प्रभावित भै शिविरमा वसेका हुनेछन् भन्ने अनुमान गरिएको छ । यी प्रभावित व्यक्तिहरुलाई खाना, वस्न, लत्ता कपडा, औषधी, पानी, सरसफाई आदिको समस्या हुने र वाहय सहयोग आवश्यक पर्ने अनुमान गरिएको छ । यहि अनुमानको आधारमा नगरपालिकाले प्रतिकार्य र पूर्वतयारीका योजनाहरु निर्माण गरी कार्य गर्नेछ भन्ने तय गरिएको छ ।

## ३. विपद पूर्वतयारी तथा प्रतिकार्य योजना

### ३.१ क्लष्टरको नाम, पद र सम्पर्क व्यक्तिको विवरण

| क्र.स | क्लष्टरको नाम | नेतृत्व गर्ने व्यक्ति | संस्था | पद | सम्पर्क नम्वर |
|---|---|---|---|---|---|
| १ | समन्वय (खोज तथा उद्धार) | श्री नेत्रराज अधिकारी | शिवराज नगरपालिका | नगरप्रमुख | ९८५७०३४०३३ |
| २ | खाद्यान्न | श्री ताराचन्द्र चौधरी | | कृषी प्रमुख | ९८४७०६९५३४ |
| ३ | खानेपानी तथा सरसफाई | श्री जगत व. घर्ती | | वार्ड अध्यक्ष | ९८५७०१४१९९ |
| ४ | स्वास्थ्य र पोषण | श्री चुडामणी भट्टराई | | स्वास्थ्य शाखा प्रमुख | ९८५११८०७७८ |
| ५ | गैर खाद्य सामाग्री | श्री गणेश प्रसाद अर्याल | | प्रमुख प्रशासकिय अधिकृत | ९८५७०८६१११ |
| ६ | आवास र शिविर व्यवस्थापन | श्री अर्जुन व. पाण्डे | | भौतिक पूर्वाधार समिति प्रमुख | ९८५७०५५७८७ |
| ७ | सुरक्षा तथा संरक्षण | श्री डिल्लीराज भट्टराई | | महिला विकास शाखा प्रमुख | ९८५७०१४७५१ |
| ८ | आपतकालिन शिक्षा | श्री चन्द्र वहादुर गहतराज | | सामाजिक विकास समिति संयोजक | ९८५७०५०७८४ |
| ९ | सूचना व्यवस्थापन | श्री प्रकाश वि.क | | कम्युटर अपरेटर | ९८५७०१४४९९ |

## ३.२ क्लष्टर अनुसार पूर्वतयारी र प्रतिकार्य योजना

**३.२.१. क्लष्टरको नामः** समन्वय, खोज तथा उद्धार

**मुख्य विपद्को किसिमः** भुकम्प, बाढी, पहिरो, सुख्खा खडेरी, शितलहर, आगलागी, दुर्घटना आदिबाट

**धनजनको क्षति अनुमानित अवस्था वा संभावित परिदृश्यः** प्रकोपले गर्दा १५२६ जनसंख्या घाइते भएको, कोही हराएका, कोही पुरिएका र कोही वगाएको अवस्था रहेका महिला, वालवालिका, अपांगता भएका व्यक्तिहरु र जेष्ठ नागरिकहरुलाई उद्धार तथा राहत सहयोगको तत्काल आवश्यकता रहेको ।

**विषयगत उद्देश्यः**

- विपद् प्रभावित क्षेत्रमा खोज तथा उद्धार कार्य प्रभावकारी बनाई घाइतेहरुको थप मृत्यु हुन नदिने र जीवन रक्षा गर्ने
- प्रभावकारी रुपमा खोज तथा उद्धार कार्य गरी विपद्बाट हुने धनजनको क्षतिलाई न्यूनिकरण गर्ने
- घाइतेको प्राथमिक उपचार गरी आवश्यकतानुसार अस्पताल पुऱ्याउने व्यवस्था मिलाउने,
- वालवालिका, गर्भवती तथा सुत्केरी महिला, अपांगता भएका व्यक्ति, वृद्धवृद्धाहरुको प्राथमिकताका साथ खोज तथा उद्धार कार्य गर्ने

| क्र.स | सम्पर्क व्यक्तिको नाम | संस्था | पद | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | श्री नेत्रराज अधिकारी | शिवराज नपा | संयोजक | ९८५७०३४०३३ |
| २ | श्री शिव कु. चौधरी | शिवराज नपा | उपप्रमुख, सह संयोजक | ९८५७०१४५३६ |
| ३ | श्री शंकर व. विष्ट | ईलाका प्रशासन कार्यालय | सदस्य | ९८५७००९७७७ |
| ४ | श्री नारायण दल गण | नेपाली सेना, | सदस्य, प्रमुख सेनानी | ९८४९९५१६५१ |
| ५ | श्री प्रतिनिधि | शशस्त्र प्रहरी वल २८ नं. गण | गणपती, सदस्य | ९८५१२७२११६ |
| ६ | श्री प्रतिनिधि | वडा प्रहरी कार्यालय | सदस्य | ९८५७०५५४६६ |
| ७ | श्री टोपलाल पोखरेल | रेडक्रस | सदस्य | ९८५७०१४४४० |
| ८ | श्री सन्जिव गहतराज | नेपाल पत्रकार महासंघ | सह सचिव | |
| ९ | श्री प्रतिनिधि | डिभिजन वन कार्यालय | सदस्इ | ९८५५०५२६६२ |

| | | | | |
|---|---|---|---|---|
| | | प्रमुख | | |
| १० | श्री संयोजकहरु | वडा स्तरिय खोज तथा उद्धार समिति ( १ देखि ११) | सदस्यहरु | |
| ११ | श्री टोली प्रमुखहरु | तालिम प्राप्त टोली | सदस्यहरु | |

### ३.२.२ समन्वय, खोज तथा उद्धार प्रतिकार्य सम्वन्धि कार्यहरु (घटना घटेको दिनदेखि सामान्यतया ३ महिना)

| विपदको घटना पश्चातको अवधी | विपदको अवस्थामा गरिने आपतकालिन कार्य (विपदको प्रकृतीमा आधारित) | मुख्य जिम्मेवार निकाय र व्यक्ति | सहयोगी निकाय वा व्यक्ति |
|---|---|---|---|
| पहिलो दिन | • पालिका स्तरिय विपद व्यवस्थापन समितिको आकस्मिक वैठक वोलाउने<br>• समुदायमा रहेका तालिम प्राप्त खोज तथा उध्दार कार्यकर्ता परिचानल गर्ने<br>• अवरुद्ध भएका सडकहरु खुलाउने कार्य गर्ने<br>• सेना, प्रहरी, शशस्त्र प्रहरी तथा तालिम प्राप्त समुदायका खोज तथा उद्धारकर्ता व्यक्तिहरुले जोखिममा रहेका व्यक्तिहरुको खोज तथा उद्धार गर्ने<br>• घाइतेको उद्धार गर्ने, प्राथामिक उपचारमा सहयोग गर्ने, घाइतेको अवस्था हेरी घाइतेलाई अस्पताल पुर्याउने व्यवस्था गर्ने<br>• बढी जोखिम क्षेत्रलाई, महिला, वालवालिका, जेष्ठ नागरिक, अपांगलाई प्राथमिकता दिई खोज तथा उद्धार कार्य गर्ने<br>• मृतक भएका मानिसहरुको व्यवस्थापन गर्ने<br>• जोखिममा रहेका पशुपंछीहरुको उद्धार गर्ने र मृतक चौपायाहरुको व्यवस्थापन गर्ने | नगरपालिका र पालिका प्रमुख र विपद सम्पर्क व्यक्ति | रेडक्रस, जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय, सुरक्षा निकाय, नेपाल स्काउट र अन्य संघ संस्था, |
| दोस्रो दिन | • कति मानिसको मृत्यु भयो, कति घाइते भए, कति हराइरहेका छन्, कति पुरिएका, वगाएका छन् प्रारम्भिक तथ्यांक संकलन गर्ने | ,, | ,, |

| | | | |
|---|---|---|---|
| | • तथ्यांकको आधारमा थप खोज तथा उद्धार कार्य गर्ने<br>• सेना, प्रहरी, शशस्त्र प्रहरी तथा तालिम प्राप्त समुदायका खोज तथा उद्धारकर्ता व्यक्तिहरुले खोज तथा उध्दार कार्य तिव्रताका साथ जारी राख्ने<br>• घाइते, मृतक तथा भौतिक क्षतिको विवरण वारे सम्वन्धित व्यक्तिलाई सुचित गर्ने<br>• विपद्को समयमा हुन सक्ने चोरी, डकैतीको लागि सुरक्षा दिने | | |
| पहिलो हप्ता | • सेना, प्रहरी, शशस्त्र प्रहरी तथा तालिम प्राप्त समुदायका खोज तथा उद्धारकर्ता व्यक्तिहरुले खोज तथा उद्धार कार्य तिव्रताका साथ जारी राख्ने<br>• कति मानिसको मृत्यु भयो,कति घाइते भए, कति हराइरहेका छन्, कति पुरिएका, वगाएका छन् विस्तृत तथ्यांक संकलन गर्ने<br>• आवश्यकता अनुसार आपतकालिन आश्रय स्थलहरु निर्माण गर्न सहयोग गर्ने र सो स्थलहरुमा सुरक्षा दिने<br>• राहत सामाग्री वितरणमा सहजता ल्याउन वा हुल हुज्जत हुन नदिन व्यवस्था मिलाउने<br>• वालवालिका, महिला तथा अपांगहरुको गलत प्रयोग हुन नदिन विशेष निगरानी राख्ने | ,, | ,, |
| पहिलो महिना | • पहिलो हप्ता गरिएका कार्यहरु निरन्तर गर्ने र अनुगमन गर्ने | ,, | ,, |
| दोस्रो महिना | • पहिलो महिना गरिएका कार्यहरु निरन्तर गर्ने, अनुगमन गर्ने र आवश्यक सहयोग गर्ने | ,, | ,, |
| तेस्रो महिना | • दोश्रो महिना गरिएका कार्यहरु निरन्तर गर्ने, अनुगमन गर्ने र आवश्यक सहयोग गर्ने | ,, | ,, |

### ३.२.३ समन्वय, खोज तथा उद्धारका लागि पूर्वतयारीका कार्यहरु

| क्र.स | पूर्वतयारीका क्रियाकलापहरु | अनुमानित जम्मा चाहिने | हाल भएको | थप आवश्यक पर्ने | कहिले गर्ने | कसरी गर्ने | जिम्मेवार व्यक्ति | लागत |
|---|---|---|---|---|---|---|---|---|
| १ | खोज तथा उद्धार गर्न सक्ने दक्ष जनशक्ति तयार गर्ने | ११ वटा वडामा २ जनाको दरले | २५ जना | २२ जना | आषाढ २०७९ | तालिम दिने | पालिकाप्रमुख र विपद सम्पक व्यक्ति | २ लाख |
| २ | आधारभूत खोज तथा उद्धारका सामाग्रीहरु संकलन गरी भण्डारण गर्ने जस्तै सावेल, डोरी, टोपी, स्टेचर, साइरन, गल, घन, डुंगा, टयुव, लाईफ ज्याकेट, पन्जा आदि, | ११ वडामा | शसस्त्र प्रहरी लाई एक सेट दिएको | ११ वटा वडामा | आषाढ २०७९ | नगरपालिकाले बजेट छुटयाउने | ,, | ६ लाख |
| ३ | आगलागी नियन्त्रण गर्न सक्ने दक्ष जनशक्ति तयार गर्ने | ११ वटा वडामा ३ जनाको दरले | पालिका संग १० जना रहेको | ३३ | आषाढ २०७९ | तालिम दिने | ,, | ३ लाख |
| | आगलागी सम्वन्धि लाइफ ज्याकेट, पंजा, टोपी सेट, फायर प्रुफ बुट, व्ल्यांकेट, फायर इस्टिनगुइसर, फायर बल राख्ने | ११ वटै वडामा | | ११ वटै वडामा | आषाढ २०७९ | पालिकाले बजेट छुटयाउने | ,, | ५ लाख |
| ४ | प्राथमिक उपचार गर्न सक्ने दक्ष | ११ वटा वडाको | करिव ५० | ११ | आषाढ २०७९ | तालिम दिने | ,, | १ लाख |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जनशक्ति तयार गर्ने | समुदाय स्तरमा १ जनाको दरले | जना | | | | | |
| ५ | विपद् व्यवस्थापन सम्वन्धि दक्ष जनशक्ति तयार गर्ने ११ वटा वडामा | ३३ जना | | ३३ जना | आषाढ २०८० | रेडक्रस संग समन्वय गर्ने | ,, | २ लाख |
| ७ | प्रत्येक सार्वजनिक भवनहरुमा आपतकालिन निकास र जम्मा हुने स्थान पहिचान गर्ने | १ पटक | – | | आषाढ २०७९ | छलफल गर्ने | ,, | – |
| ८ | भूकम्प, आगलागी, बाढी, डुवान, सडक दुर्घटना सम्वन्धि आपतकालिन नमुना अभ्यास गर्ने | २ वटा | – | | आषाढ २०७९ | भूकम्प र अन्य सम्वन्धित प्रकोपको नमुना अभ्यास | ,, | १ लाख |
| ९ | एम्वुलेन्स, डोजर, ट्रिपरको व्यवस्था गर्ने | | | | २०७८ भित्र | विभिन्न संस्था संग समन्वय | | |
| १० | खोज तथा उद्धारमा संलग्न संस्था र व्यक्तिको नाम, सम्पर्क नम्वर राख्ने | एक पटक | – | एकपटक | ,, | नगरपालिकाले सुरक्षा निकायको समन्वयमा | ,, | |
| | | जम्मा | | | | | | २० लाख |

**३.३.१ . क्लष्टरको नामः** आवास तथा शिविर व्यवस्थापन

**मुख्य विपद्को किसिमः** भुकम्प, बाढी, पहिरो र आगलागीबाट भवनको क्षति र शिविरमा वस्नुपर्ने अवस्था

**अनुमानित अवस्था वा संभावित परिदृश्यः** प्रकोपले गर्दा १५२६ जना प्रभावित भै शिविरमा वस्नुपर्ने अवस्था भएको । त्रिपालहरु नभएको कारणले खुला चउरमा, सार्वजनिक भवनमा, खेतवारीमा वस्न वाध्य हुन परेको ।

**विषयगत उद्देश्यः**

- घर भत्किएर वाहिर रहेका मानिसहरुलाई तत्काल अस्थायी आवासको व्यवस्था गरी सुरक्षित आवासको व्यवस्थापन गरी थप क्षति हुन नदिने
- महिला, वालवालिका र अपांगता मैत्री अस्थायी घर र शौचालयहरु निर्माण गरी सवैलाई सहज आवासको व्यवस्था गर्ने

| क्र.स | सम्पर्क व्यक्तिको नाम | संस्था | पद | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | श्री अर्जुन व. पाण्डे | शिवराज नपा | वडा अध्यक्ष, संयोजक | ९८५७०५५७८७ |
| २ | श्री .......इन्जिनियर | शिवराज नपा | ईन्जिनियर, सदस्य | |
| ३ | श्री टोपलाल पोखरेल | नेपाल रेडक्रस | सदस्य | ९८५७०१४४० |
| ४ | श्री खिम विक्रम केसी | सामुदायिक वन उपभोक्ता संघ | सदस्य | ९८४७०४२६४२ |
| ५ | श्री लेखनाथ घर्ती | होटेल व्यवसायी संघ | सदस्य | ९८४७०८५१०५ |
| ६ | श्री दमन भाट क्षेत्री | सहकारी सञ्जाल अध्यक्ष | सदस्य | ९८५७०५५०७० |
| ७ | श्री विष्णु प्रसाद खतिवडा | सामाजिक विकास मञ्च | सदस्य | ९८४७३७८२९९ |

**३.३.२ आवास र शिविर व्यवस्थापन सम्वन्धि प्रतिकार्यका कार्यहरु (घटना घटेको दिनदेखि सामान्यतया ३ महिना)**

| विपदको घटना पश्चातको अवधी | विपदको अवस्थामा गरिने आपतकालिन कार्य (विपदको प्रकृतीमा आधारित) | मुख्य जिम्मेवार निकाय र व्यक्ति | सहयोगी निकाय वा व्यक्ति |
|---|---|---|---|
| पहिलो दिन | • आवास तथा शिविर व्यवस्थापन क्लष्टरको आकस्मिक वैठक वस्ने<br>• सुरक्षित स्थानको पहिचान गरी आवश्यक सामाग्री जुटाई अस्थायी वसोवासको व्यवस्था मिलाउने<br>• आवश्यकता अनुसार त्रिपालहरु, डोरीहरु वितरण गर्ने | नगरपालिका प्राविधिक शाखा प्रमुख | रेडक्रस, सुरक्षा निकाय, संघसंस्था, बैंकहरु |
| दोस्रो दिन | • थप्र प्रभावितहरुकोलागि अस्थायी टेण्ट र त्रिपालहरु वितरण गर्ने<br>• तालिम प्राप्त अस्थायी आवास निर्माण गर्ने व्यक्तिहरुलाई खवर गर्ने र तयारी गर्ने | ,, | ,, |
| पहिलो हप्ता | • विस्तृत रुपमा प्रभावितहरुको तथ्यांक संकलन गर्ने,<br>• प्रभावितहरुको विभिन्न स्थानहरुमा अस्थायी शिविर खडा गर्ने<br>• अस्थायी टहरा र शौचालय निर्माणका कार्य, शुध्द खानेपानीका कार्य शुरु गर्ने अस्थायी टहरा निर्माण गर्दा चिसो नहुने, भिरालो जमिन नभएको ठाउंमा निर्माण गर्ने<br>• निर्माण गर्दा स्थानीय श्रोत र साधनहरु उपलव्ध भएका त्यसको प्रयोग गर्ने जस्तै बांस,<br>• स्थानीय डकर्मी तथा सिकर्मीहरु परिचालन गर्ने<br>• अस्थायी टहरा र शौचालय निर्माण गर्दा अपांग, वाल र महिला मैत्री बनाउने र स्फेयरको मापदण्ड अनुसार तयार गर्ने | ,, | ,, |
| पहिलो महिना | • सेल्टर सम्वन्धि तालिम प्राप्त व्यक्तिहरुलाई सम्पर्क गरी अस्थायी आवास निर्माणको लागि तयार गर्ने<br>• सामुदायिक भवन, सरकारी भवनहरुमा अस्थायी रुपमा | ,, | ,, |

| | | | |
|---|---|---|---|
| | वसोवास गरिरहेका मानिसहरुलाई अस्थायी शिविरमा स्थानान्तरण गर्ने आवास निर्माणको कार्य गर्दा गर्भवती, सुत्केरी, अपांगता भएका व्यक्ति, वालवालिका र जेष्ठ नागरिकलाई पहिलो प्राथमिकता दिने | | |
| दोस्रो महिना | • पहिलो महिनाको कार्य निरन्तर गर्ने<br>• अस्थायी आश्रय स्थल, शौचालय, मर्मत संभार गर्न आवश्यक भएमा गर्ने | ,, | ,, |
| तेस्रो महिना | • संभव भएसम्म विस्तारै स्थानान्तरण गर्दै जाने<br>• पुनर्निमाण सम्वन्धि विस्तृत विवरण लिने<br>• विमा गरिएका घर परिवारको विमांक रकम उपलव्ध गराउन सहयोग गर्ने | ,, | ,, |

### ३.३.३ आवास तथा शिविर व्यवस्थापन सम्वन्धि पूर्वतयारीका कार्यहरु

| क्र.स | पूर्वतयारीका क्रियाकलापहरु | अनुमानित जम्मा चाहिने | हल भएको | थप आवश्यक पर्ने | कहिले गर्ने | कसरी गर्ने | जिम्मेवार व्यक्ति | लगत |
|---|---|---|---|---|---|---|---|---|
| १ | खुला र सुरक्षित स्थानको पहिचान गर्ने | सवै वडामा | | सवै वडामा | २०७८ भित्र | वडा स्तरिय विपद व्यवस्थापन समिति संग छलफल | नपा प्राविधिक शाखा प्रमुख | |
| २ | सेल्टर सम्वन्धि दक्ष जनशक्ति तयार गर्ने | ११ जना | | ११ जना | २०७९ भित्र | तालिम दिने | ,, | १ लाख ५० हजार |
| ३ | त्रिपाल खरिद गरी राख्ने १८ –२४ को | ५० वटा | | | २०७८ भित्र | बजेट छुट्याउने | ,, | १ लाख |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | डोरी, किला, पिक ह्याम्मर, किलाकांटी, भण्डारण गर्ने | ११ सेट | | ११ सेट | २०७८ भित्र | विभिन्न संघ संस्थासंग समन्वय गर्ने | ,, | १ लाख |
| ५ | टेण्ट खरिद गरी भण्डारण गर्ने | ११ वटा | | ११ वटा | २०७८ भित्र | दातृ निकायसंग माग गर्ने | ,, | ३ लाख |
| ६ | सुरक्षित सामुदायिक भवनहरु तयार गर्ने | ३ वडा | | ३ वडा | २०७९ भित्र | विभिन्न संघ संस्था संग समन्वय र नपाले बजेट छुटयाउने | | ६ लाख |
| ७ | स्फेयर सम्वन्धि तालिम दिने | ११ जना | – | ११ जना | २०७९ भित्र | | ,, | १ लाख ५० हजार |
| ८ | सेल्टर किट खरिद गर्ने | ५ सेट | | ५ सेट | २०७८ भित्र | | | १ लाख |
| ९ | जीवन विमा सम्वन्धि सचेतना अभिवृध्दि गर्ने | – | – | – | २०७८ भित्र | – | – | ५० हजार |
| | **जम्मा** | | | | | | | **१५ लाख ५० हजार** |

**३.४.१ क्लष्टरको नामः** खाद्यान्न

**मुख्य विपद्को किसिमः** भुकम्प, बाढी, पहिरो, शितलहर, सुख्खा खडेरी र आगलागीबाट खाद्यान्न नष्ट भै प्रभावित समुदाय लगायत वालवालिका, अपाङगता भएका व्यक्तिहरु, गर्भवती र सुत्केरी महिलालाई खाद्यान्न अभाव रहेको ।

**अनुमानित अवस्था वा संभावित परिदृश्यः** प्रकोपले गर्दा १५२६ जनसंख्या प्रभावित शिविरमा वस्नपर्ने अवस्था भएको, खाद्यान्नहरु नष्ट भएको कारणले खाद्य समस्या उत्पन्न भएको, समयमै खाद्यान्न वितरण नभएमा महिला, गर्भवती र सुत्केरी महिलाहरु थप जोखिममा पर्न सक्ने अवस्था रहेको ।

**विषयगत उद्देश्यः**

- विपदमा परेका व्यक्तिहरुलाई तयारी खानेकुरा तथा खाद्यान्न वितरण गर्नु यस क्षेत्रको मुख्य उद्देश्य हुनेछ ।
- गर्भवती तथा सुत्केरी, कुपोषणमा परेका बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, एच.आई.भी संक्रमितहरुलाई विना भेदभाव पोषणयुक्त खाद्यान्न उपलब्ध गराउनु

| क्र.स | सम्पर्क व्यक्तिको नाम | संस्था | पद | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | श्री जगत व. घर्ती क्षेत्री | शिवरज नगरपालिका, कृषी समिति संयोजक | संयोजक | ९८५७०१४१९९ |
| २ | श्री महादेव पोखरेल | शिवराज विजिनेस ग्रुप (व्यापार समुह) | सदस्य | ९८५७०५५१२० |
| ३ | श्री जमसेद मिया | चन्द्रौटा उद्योग वाणिज्य संघ | सदस्य | ९८५७०२५५९१ |
| ४ | श्री ताराचन्द्र चौधरी | कृषी शाखा | सदस्य | ९८४७०६९५३४ |
| ५ | श्री विश्व पाण्डे | एन एम वि वैंक | सदस्य | ९८५७०३८३२० |
| ६ | श्री वुद्धिसागर सापकोटा | नेपाल जेसिस | सदस्य | ९८४७०८५०६८ |
| ७ | श्री रामकुमार क्षेत्री | रोटरी क्लव | सदस्य | ९८५७०२७०१६ |
| ८ | श्री संजिव गहतराज | सहज नेपाल | सदस्य | ९८५७०५५४२७ |

| | | | | |
|---|---|---|---|---|
| ९ | श्री टोपलाल पोखरेल | रेडक्रस | सदस्य | ९८५७०१४४० |
| १० | श्री विष्णु प्रसाद खतिवडा | सामाजिक विकास मञ्च | सदस्य | ९८४७३७८२९९ |

### ३.४.२ खाद्यान्न सम्वन्धि प्रतिकार्यका कार्यहरु (घटना घटेको दिन देखि सामान्यतया ३ महिना)

| विपदको घटना पश्चातको अवधी | विपदको अवस्थामा गरिने आपतकालिन कार्य (विपदको प्रकृतीमा आधारित) | मुख्य जिम्मेवार निकाय र व्यक्ति | सहयोगी निकाय वा व्यक्ति |
|---|---|---|---|
| पहिलो दिन | • खाद्यान्न क्लष्टरको आपतकालिन वैठक वस्ने<br>• कतिजनालाई खाद्दान्न सहयोग गर्नुपर्छ भन्ने प्रारम्भिक तथ्यांक संकलन गर्ने<br>• १५२६ जनाकोलागि तयारी खानेकुरा उपलव्ध गराउने यसका साथै सुत्केरी, वृद्धवृद्धा, वालवच्चा, अपांगता भएका व्यक्तिलाई आवश्यक पर्ने खाद्य सामाग्री वितरण गर्ने जस्तै विस्कुट, चाउचाउ, दुध, दालमोठ, चिउरा, फलफूल<br>• सामाग्री वितरण गर्दा मिति नसकिएको, गुणस्तरयुक्त, राम्ररी प्याक गरिएको सामान वितरण गर्ने | नगरपालिका कृषी शाखा प्रमुख वडा कार्यालय | व्यापार संघ, जेसीस, लायन्स, लियो, रोटरी क्लव, रेडक्रस |
| दोस्रो दिन | • १५२६ जनाकोलागि दाल, चामल, तरकारी, मरमसला र अन्य आवश्यक खाद्यान्न वितरण गर्ने<br>• राहत वितरण कार्य निरन्तर गरिरहने, खाद्यान्न व्यवस्थापन, भण्डारण र वितरणका लागि एकद्धार प्रणाली लागु गर्ने<br>• भण्डारणबाट नपुग्ने अवस्था भएमा थप खाद्यान्नको लागि सहयोग माग गर्ने | ” | ” |

| | | | |
|---|---|---|---|
| पहिलो हप्ता | • बजारमा सामाग्री उपलव्ध भएको अवस्थामा प्रभावितहरुलाई नगद उपलव्ध गराउने र वजार उपलव्ध नभएमा दाल, चामल, तरकारी, नून, तेल, मरमसला वितरण गर्ने र प्रति व्यक्ति २१०० क्यालोरी खानपुग्ने गरी खाद्यान्नहरु वितरण गर्ने<br>• बालवालिका, गर्भवती र सुत्केरी महिला, वृद्धवृद्धा, अपांगता भएका व्यक्तिलाई पोषण युक्त खाद्यान्नहरु वितरण गने - जस्तै गेडागुडी, प्याकेट दुध, लिटो, हलुवा, ल्याक्टोजिन, अण्डा, मासु, फलफुल आदि<br>• मानविय हिसावले विना भेदभाव खाद्य सामाग्रीहरु वितरण गर्ने<br>• स्थानीय स्तरमा खाद्यान्न संकलन गर्न सकिने अवस्था भए खाद्यान्न संकलन गर्ने र वितरण गर्ने<br>• जिल्ला विपद व्यवस्थापन समिति र जिल्ला समन्वय समितिको कार्यालय संग समन्वय गर्ने | ,, | दुग्ध, मासु, फलफुल व्यवसायी |
| पहिलो महिना | • थप विपदमा परेका व्यक्तिहरुलाई खाद्यान्न वितरण गर्ने<br>• खाद्यान्न वितरण कार्य निरन्तर गर्ने र गुणस्तरिय खाद्यान्न वितरणको अनुगमन गर्ने<br>• मासुजन्य पदार्थ वितरण गर्दा संस्कृती सुहाउंदो तरिकाले वितरण गर्ने<br>• आवश्यकता अनुसार थप सहयोग चाहिएमा अन्य गाँउपालिका र जिल्लामा सहयोग माग गर्ने | ,, | ,, |
| दोस्रो महिना | • पहिलो महिनाको कार्य निरन्तर गर्ने र आवश्यकता अनुसार खाद्यान्नमा स्तरोन्नती गर्ने<br>• सक्षम व्यक्ति वाहेक अशक्त, असहाय, वृद्धवृद्धा, सुत्केरी, वालवच्चा, गर्भवती, सुत्केरी आदिलाई प्राथमिकताको आधारमा खाद्यान्न वितरणमा निरन्तरता दिने | ,, | ,, |
| तेस्रो महिना | • जिविकोपार्जनका उपयाहरु वारेमा सहयोग गर्ने<br>• खाद्यान्न वितरणको कार्य निरन्तर गर्दै अनुगमन पनि गर्दै जाने र आवश्यकता अनुसार सुधार गर्दै लैजाने | ,, | ,, |

### ३.४.३ खाद्यान्न क्लष्टरको पूर्वतयारी कार्य

| क्र.स | पूर्वतयारीका क्रियाकलापहरु | अनुमानित जम्मा चाहिने | हाल भएको | थप आवश्यक पर्ने | कहिले गर्ने | कसरी गर्ने | जिम्मेवार व्यक्ति | लगत |
|---|---|---|---|---|---|---|---|---|
| १ | भण्डार गृह छनौट गरी तयारी खानेकुराहरु जस्तै चाउचाउ, विस्कुट, दालमोठ, चिनी, चिउरा, भुजिया, भण्डारण गरी राख्ने वा सझौता गर्ने | १५२६ जना | | | | | | |
| २ | २१६ घर परिवार | १५२६ जना | | | | | | |
| ३ | २१६ घर परिवार | २०७८ भित्र | उद्योग वाणिज्य संघ संग समन्वय गर्ने | नपा कृषी शाखा प्रमुख | | | | |
| ४ | खाद्यान्न सप्लायर्सहरुसंग आपतकालिन समयकालागि खाद्यान्न आपुर्ति गर्न पहिला नै संझौता गर्ने | ७ जनासंग | – | ७ जनासंग | २०७८ भित्र | सप्लायर्ससंग बैठक गरी संझौता गर्ने | कृषि समन्वय समिति अध्यक्ष | – |
| ५ | दाल, चामल, नून, तेल, चिनी, मसला, सुप भण्डारण गर्ने | १५२६ जना | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | २१६ घर परिवार | १५२६ जना | | | | | | |
| ७ | २१६ घर परिवार | २०७८ भित्र | खरिद गरी भण्डारण गर्ने | ,, | ५ लाख | | | |
| ८ | भण्डारण गरिएका खाद्य सामाग्रीहरुको उचित व्यवस्थापन गर्ने | – | – | – | २०७८ भित्र | भण्डार गृहको अनुगमन गरी | ,, | – |
| ९ | मिति सकिएका खाद्यान्नहरु छन् भने परिवर्तन गरी नयां खाद्यान्नहरु राख्ने | – | – | – | २०७८ भित्र | ,, | ,, | – |

### ३.५.१ क्लष्टरको नामः गैर खाद्य सामाग्री

**मुख्य विपद्को किसिमः** भुकम्प, बाढी, पहिरो, शितलहर, हावाहुरी र आगलागीबाट गैर खाद्य सामाग्रीहरु भांडकुंडा, लत्ताकपडा, ओढने ओछयाउेन नष्ट भै प्रभावित समुदाय लगायत वालवालिका, अपांगता भएका व्यक्तिहरु, गर्भवती र सुत्केरी महिलाहरु असहज अवस्थामा रहन वाध्य भएको।

**अनुमानित अवस्था वा संभावित परिदृश्यः** प्रकोपले गर्दा शिवराज नगरपालिकाको १५२६ जनसंख्या प्रभावित भै शिविरमा वस्नुपर्ने अवस्था भएको र लत्ताकपडा, भांडाकुंडाको समस्या भएको

**विषयगत उद्देश्यः**

- आपतकालिन अवस्थामा आवश्यक पर्ने गैर खाद्य सामाग्रीहरु जस्तै लत्ताकपडा, पकाउने भांडाकुंडाहरु, उपलव्ध गराई थप क्षति हुन नदिने
- मौसम र उमेर अनुसारका लत्ताकपडाहरु उपलव्ध गराउने

| क्र.स | सम्पर्क व्यक्तिको नाम | संस्था | पद | सम्पर्क व्यक्तिको नाम |
|---|---|---|---|---|
| १ | श्री टोपलाल पोखरेल | नेपाल रेडक्रस सोसाईटी | संयोजक | ९८५७०१४४४० |
| २ | श्री विष्णु अधिकारी | सामाजिक विकास मञ्च | सदस्य | ९८४७३७८२९९ |

| | | | | |
|---|---|---|---|---|
| ३ | श्री विजय सापकोटा | नेपाल जेसिस | सदस्य | ९८५७०५०२३१ |
| ४ | श्री ज्ञानु प्रसाद पोखरेल | रोटरी क्लव | सदस्य | ९८४१८११८४२ |
| ५ | श्री माधव प्रसाद पोखरेल | कपिलवस्तु व्यापार संघ | सदस्य | ९८५७०५५१२० |
| ६ | श्री विजय अधिकारी | कार्यक्रम अधिकृत | सदस्य | ९८४७२०४०३६ |
| ७ | श्री जम्शेर अलि मिँया | उद्योग वाणिज्य संघ, चन्द्रौटा हस्पिटल | सदस्य | ९८५७०२५५९१ |
| ८ | श्री व्रम्हकुमारी इश्वरीय विश्व विद्यालय | चन्द्रौटा | सदस्य | |
| ९ | श्री संयम खान | मदरसा उस्मान विन अफ्फान | सदस्य | |
| १० | श्री टोपलाल पोखरेल | नेपाल रेडक्रस सोसाईटी | सदस्य | ९८५७०१४४४० |

**३.५.२ गैर खाद्य सामाग्री सम्वन्धि प्रतिकार्यका कार्यहरु (घटना घटेको दिनदेखि सामान्यतया ३ महिना)**

| विपदको घटना पश्चातको अवधी | विपदको अवस्थामा गरिने आपतकालिन कार्य (विपदको प्रकृतीमा आधारित) | मुख्य जिम्मेवार निकाय र व्यक्ति | सहयोगी निकाय वा व्यक्ति |
|---|---|---|---|
| पहिलो दिन | • गैर खाद्य क्लष्टरको आपतकालिन वैठक वोलाउने र नगर स्तरिय विपद व्यवस्थापन समितिको वैठकमा भाग लिने<br>• आवश्यकता अनुसार तुरुन्त व्ल्यान्केट, लत्ताकपडाहरु वितरण गर्ने | गैर खाद्य क्लष्टर नपा | रेडक्रस, प्रहरी, वडा कार्यालय |
| दोस्रो दिन | • तत्काल आवश्यक पर्ने गैर खाद्य सामाग्रीहरुको तथ्यांक संकलन गर्ने<br>• थप मानिसहरुलाई ओढने ओछ्याउने, त्रिपाल आदि वितरण गर्ने साथै मौसम अनुसार लत्ताकपडा वितरण गर्ने | " | " साथै रोटरी, लायन्स क्लव, स्काउट |
| पहिलो हप्ता | • गर्भवती, सुत्केरी, वालवालिका, वृद्धवृद्धा, अपांगता भएका व्यक्तिलाई आवश्यक सामाग्रीहरु वितरण गर्ने उमेर र मौसम अनुसार<br>• डिग्नीटी किटहरु वितरण गर्ने | " | यूनिसेफ, यूएनएफपिए, |

| | | | |
|---|---|---|---|
| | • भान्साका सामानहरु प्रति परिवार १ सेट -उपलव्ध गराउने<br>• पानी राख्ने भांडाहरु प्लाष्टिकको जर्किन उपलव्ध गराउने<br>• विस्तृत रुपमा प्रभावितहरुको तथ्यांक संकलन गर्ने र प्राथमिकताको आधारमा राहत वितरणका कार्यहरु गर्ने<br>• राहत सम्वन्धि कार्य गर्ने संघ संस्थाहरु संग समन्वय गर्ने र थप आवश्यक पर्ने राहत संकलन गर्ने<br>• राहतको गुणस्तरको परिक्षण र अनुगमन गर्ने | | |
| पहिलो महिना | • थप प्रभावित भएको अवस्थामा पहिलो हप्ताको सहयोग अनुसार कार्य निरन्तर गर्ने र आवश्यकता अनुसार टेण्टको व्यवस्था र वितरण गर्ने<br>• नपाको राहत सामाग्री अपुग भएमा अन्य संस्थाहरुसंग माग गर्ने<br>• अन्तर क्लष्टर मासिक समिक्षा वैठक वस्ने | | |
| दोस्रो महिना | • पहिलो महिनाको कार्य निरन्तर<br>• कार्य प्रगती समिक्षा वैठक वस्ने | | |
| तेस्रो महिना | • दोश्रो महिनाको कार्य निरन्तर | | |

### ३.५.३ गैह्र खाद्यान्न सम्वन्धि पूर्वतयारीका कार्यहरु

| क.स | पूर्वतयारीका क्रियाकलापहरु | अनुमानित जम्मा चाहिने | हाल भएको | थप आवश्यक पर्ने | कहिले गर्ने | कसरी गर्ने | जिम्मेवार व्यक्ति | लागत |
|---|---|---|---|---|---|---|---|---|
| १ | लत्ताकपडा सर्ट, पाइन्ट, सारी, चोलो आदि व्यवस्था गरी भण्डारण गर्ने | १५२६ जना | | १५२६ जना | २०७८ भित्र | बैठकको निर्णय अनुसार र बजेट विनियोजन गर्ने | गैर खाद्य क्लष्टर नपा | २ लाख |
| २ | त्रिपाल भण्डारण गर्ने | २०० | | २०० | २०७८ भित्र | बजेट विनियोजन गरी खरिद गर्ने | | २ लाख |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | ओढने ओछ्याउने सामाग्रीहरु भण्डारण गर्ने | १५२६ जना | | १५२६ जना | २०७८ भित्र | ,, | | २ लाख |
| ४ | पकाउने भांडाकुंडाहरु, खानेपानी राख्ने भांडाकूडाहरु भण्डारण गरी राख्ने | १५२६ जना | | १५२६ जना | २०७९ भित्र | ,, | | २ लाख |
| ५ | अस्थायी शौचालयका प्यानहरु राख्ने | २० वटा | | २० वटा | २०७८ भित्र | ,, | | १ लाख |
| ६ | भण्डार गृहमा समय समयमा सामाग्रीको निरिक्षण गर्ने र आवश्यकता अनसार सरसफाई गर्ने | समय समयमा | | समय समयमा | २०७८ भित्र | निरिक्षण गर्ने | | २० हजार |
| ७ | भण्डारण गरिएका र वितरण गरिएका सामाग्रीहरुको अभिलेख राख्ने | निरन्तर | | निरन्तर | २०७८ भित्र | अभिलेख राख्ने | | १० हजार |
| ८ | भण्डारण व्यवस्थापन सम्वन्धि दक्ष जनशक्ति तयार गर्ने | ५ जना | | ५ जना | २०७९ भित्र | तालिम दिने | | ५० हजार |
| ९ | बेवी किटहरु भण्डारण गर्ने | ५० सेट | | ५० सेट | २०७८ भित्र | बजेट विनियोजन गरी खरिद गर्ने र संस्था संग समन्वय | | १ लाख |
| १० | डिग्नीटी किटहरु भण्डारण गर्ने | १०० सेट | | १०० सेट | २०७८ भित्र | ,, | | १ लाख |
| | **जम्मा** | | | | | | | **११ लाख ८० हजार** |

### ३.६.१ क्लष्टरको नामः खानेपानी तथा सरसफाई

**मुख्य विपदको किसिमः** भूकम्प, बाढी, पहिरो, महामारी तथा आगलागी र हावाहुरीबाट खानेपानी संरचना क्षति

**अनुमानित अवस्थाः** १५२६ जना मानिसहरु प्रभावित भै शिविरमा वसेको र खोनपानीका संरचनाहरु नष्ट भएकोले शिविरमा पानीको अभाव जसले गर्दा पानी पिउन, सरसफाई गर्न समस्या परेको साथै शिविरमा शौचालयको व्यवस्थीत प्रयोग नभएको कारणले महामारी फैलिन सक्ने जोखिम रहेको ।

**विषयगत उध्देश्यः**

- प्रभावितलाई स्वच्छ खानेपानी वितरण गर्ने
- झाडापखाला, हैजा जस्ता सरुवा रोगहरु बाट वच्नकोलागि स्वच्छ खानेपानी वितरण
- महामारी फैलिन नदिनकोलागि सरसफाई र पानी शुद्धिकरण बारे जनचेतना फैलाउने

| क्र.स | सम्पर्क व्यक्तिको नाम | संस्था | पद | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | श्री गणेश प्रसाद अर्याल | शिवराज नपा, प्रमुख प्रशासकिय अधिकृत | संयोजक | ९८५७०८६१११ |
| २ | श्री चुडामणी भट्टराई | स्वास्थ्य शाखा प्रमुख | सदस्य | ९८५११८०७७८ |
| ३ | श्री टोपलाल पोखरेल | रेडक्रस | सदस्य | ९८५७०१४४४० |
| ४ | श्री राजेश चौधरी | वास अफिसर | सदस्य | ९८४७२७६७०० |
| ५ | श्री डिल्लीराज भट्टराई | महिला विकास शाखा प्रमुख | सदस्य | ९८५७०१४७५१ |
| ६ | श्री तौकिक खान | चन्द्रौटा खानेपानी योजना | सदस्य | ९८५७०५५६९१ |
| ७ | श्री विजय अधिकारी | कार्यक्रम अधिकृत | सदस्य | ९८४७२०४०३६ |

### ३.६.२ खानेपानी तथा सरसफाई सम्वन्धि प्रतिकार्यका कार्यहरु (घटना घटेको दिनदेखि सामान्यतया ३ महिना)

| विपदको घटना पश्चातको अवधी | विपदको अवस्थामा गरिने आपतकालिन कार्य (विपदको प्रकृतीमा आधारित) | मुख्य जिम्मेवार निकाय र व्यक्ति | सहयोगी निकाय वा व्यक्ति |
|---|---|---|---|
| पहिलो दिन | • खानेपानी क्लष्टरको आपतकालिन बैठक वस्ने<br>• पूर्वतयारी गरिराखेको पानी वितरण गर्ने<br>• खानेपानीको क्षति सम्वन्धि प्रारम्भिक तथ्यांक संकलन गर्ने | शिवरज नपा र स्थानीय | खानेपानी संस्था, विभिन्न संघ संस्था |
| दोस्रो दिन | • खानेपानीका श्रोतहरु निरिक्षण गर्ने<br>• थप क्षतिको विवरण संकलन गर्ने<br>• क्षति नभएको श्रोतबाट खानेपानी वितरण गर्ने<br>• विभिन्न निकायसंग सम्वध्द खानेपानीको माग गर्ने जस्तै टयांकर व्यवसायी | खानेपानी तथा सरसफाई क्लष्टर | " |
| पहिलो हप्ता | • खानेपानी शुध्दिकरण गर्नकोलागि शिक्षा दिने जस्तै क्लोरिन झोल, वाटर गार्ड, पियुष आदि प्रयोग वारे जानकारी दिने | " | " |
| पहिलो महिना | • प्रत्येक प्रभावित क्षेत्रमा आवश्यकता अनुसार टयांकी व्यवस्था गरी पानी वितरण गर्ने<br>• व्यक्तिगत सरसफाई तथा वातावरणीय सरसफाईको वारेमा जनचेतनामूलक अभिमुखिकरण कार्यक्रम संचालन गर्ने<br>• हाईजीन किटहरु वितरण गर्ने<br>• अस्थायी शौचालयहरु निर्माण गर्ने<br>• वातावरण प्रदुषित हुन नदिन ठाउं ठाउंमा डस्ट विनहरु राख्ने र फोहर फाल्ने तथा गाडने सम्वन्धि व्यवस्था गर्ने | " | " |
| दोस्रो महिना | • पहिलो महिनाको कार्यहरु निरन्तर गर्ने<br>• थप पानीको व्यवस्था गर्नपर्ने भए गरी वितरण गर्ने<br>• खानेपानीको श्रोत क्षति भएको स्थानमा जतिसक्दो छिटो मर्मत गर्ने | " | " |
| तेस्रो महिना | • दोश्रो महिनाको कार्य निरन्तर गर्ने<br>• कार्य प्रगतीको समिक्षा गर्ने | " | " |

### ३.६.३ खानेपानी तथा सरसफाई सम्वन्धि पूर्वतयारीका कार्यहरु

| क्र.स | पूर्वतयारीका क्रियाकलापहरु | अनुमानित जम्मा चाहिने | हाल भएको | थप आवश्यक पर्ने | कहिले गर्ने | कसरी गर्ने | जिम्मेवार व्यक्ति | लगत |
|---|---|---|---|---|---|---|---|---|
| १ | विभिन्न ठाउंमा भएका खानेपानीका श्रोतहरु खोजी गरी संरक्षण गर्ने | – | – | – | २०७८ भित्र | निरिक्षण गर्ने खोज गर्ने | नगरपालिका र खानेपानी तथा सरसफाई क्लष्टर | १ लाख |
| २ | स्वच्छ खानेपानी आवश्यकता अनुसार संकलन गरी भण्डारण गरेर राख्ने | १५००० लिटर | | १५००० लिटर | २०७८ भित्र | जारमा संकलन गरी भण्डारण गर्ने | ,, | १ लाख |
| ३ | खानेपानी सेवा दिने संस्था, टयांकर व्यवसायीहरुको पहिचान तथा सम्झौता गर्ने | एक पटक | | | २०७८ भित्र | लिखित संझौता गर्ने | | १० हजार |
| ४ | खानेपानी शुद्धिकरण गर्ने सामाग्री भण्डारण गरी राख्ने जस्तै पियुष ५०० स्टि्प, क्लोरिन झोल २०० वोतल र फिल्टर १०० वटा र व्यवस्थित गर्ने | ४०० | | ४०० | २०७८ भित्र | खरिद गर्ने | | १ लाख |
| ५ | खानेपानकिो श्रोत मर्मत तथा पुन निर्माणकोलागि दक्ष जनशक्ति तयार गर्ने | २२ जना | | २२ जना | २०७८ भित्र | तालिम दिने | | १ लाख ४० हजार |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | खानेपानी वितरणको लागि टयांकी तथा पाइपको व्यवस्था गर्ने | १० रोल | | १० रोल | २०७८ भित्र | पलिका तथा संस्थामा भएको व्यवस्थित गर्ने | | १ लाख |
| ७ | खानेपानी वितरणकोलागि टयांकी व्यवस्था गर्ने जारको पानी खरिद गर्ने | २०० वटा | | | २०७८ भित्र | खरिद गर्ने | | ५० हजार |
| ८ | चुन | १० वोरा | | | २०७८ भित्र | खरिद गर्ने | | २५ हजार |
| ९ | फिनेल | १०० वोतल | | | २०७८ भित्र | खरिद गर्ने | | २५ हजार |
| १० | डस्टविन व्यवस्था गर्ने | ५० वटा | | | २०७८ भित्र | खरिद गर्ने | | ७५ हजार |
| | **जम्मा रकम** | | | | | | | **७ लाख २५ हजार** |

**३.७.१ . क्लष्टरको नामः स्वास्थ्य र पोषण**

मुख्य विपद्को किसिमः भुकम्प, बाढी, पहिरो, महामारी र आगलागीबाट धनजनको क्षति, अन्नको क्षति, शिविरमा वस्न वाध्य, खाद्यान्न पानीको अभाव, गर्भवती सुत्केरी, वालवालिका, अपांगता भएका व्यक्ति, वृद्धवृद्धालाई कठिन अवस्था ।

अनुमानित अवस्था वा संभावित परिदृश्यः प्रकोपले गर्दा १५२६ जना प्रभावित, २०० जना घाइते, गर्भवती २० जना कठिन अवस्थामा रहेको, वलावालिका ६० जना, वृद्धवृद्धा १२० जना, अपांगता भएका व्यक्ति २० जना लाई स्वास्थ्य र पोषण सम्वन्धि समस्या साथै स्वास्थ्य संरचना नष्ट भएकोले टेण्टमा स्वास्थ्य सेवा प्रवाह गर्नुपर्ने अवस्था रहेको

**विषयगत उद्देश्यः**

- घाइतेहरुको प्राथमिकत उपचार गर्ने र गंभिर प्रकृतीका घाइतेहरुलाई अस्पताल पठाउने व्यवस्था मिलाउने
- गर्भवती, सुत्केरी, वालवालिका, अपांगता भएका व्यक्ति र वृद्धवृद्धालाई पहिलो प्राथमिकता दिई उपचार सेवा दिने र पोषणको व्यवस्था मिलाउने
- अस्थायी शिविर खडा गरी सवै प्रकारका आपतकालिन सेवाहरु उपलव्ध गराउने
- आईसोलेसन सेन्टर, क्वारेनटाईन र हेल्प डेक्स लाई तत्परताको अबस्थामा साख्ने र नियमित अनुगनमन गर्ने
- हरेक ६ महिनामा नियमित खानेपानीको परिक्षेण गर्ने
- आपतकालिन अबस्था प्रयोग हुने औषधी को जोखो गर्ने
- नगरबासिलाई मानोसामाजिक परामर्श सेवा प्रवाह गर्न हट लाईन नं को ब्यबस्था मिलाउने
- कुष्ठरोग नियन्त्रण का लागि आबश्यक जनचेतना मूलक कार्यक्रम संञ्चालनका साथै पहिचान तथा निदानको लागि स्वास्थ्यकर्मिहरुको क्षमता वृद्धी विकाश गर्न पहल गर्ने

| क्र.स | सम्पर्क व्यक्तिको नाम | संस्था | पद | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | श्री चुडामणी भट्टराई | स्वास्थ्य शाखा प्रमुख | संयोजक | ९८५११८०७७८ |
| २ | श्री टोपलाल पोखरेल | रेडक्रस | सदस्य | ९८५७०१४४४० |
| ३ | श्री कमला काफ्ले | वहुक्षेत्रीय पोषण कार्यक्रम संयोजक | सदस्य | ९८४७१५०५८२ |
| ४ | श्री विकास पोखरेल | नेपाल परिवार नियोजन संघ | सदस्य | ९८५७०५०८९७ |
| ५ | श्री लोकराज पंथी | शिक्षा शाखा प्रमुख | ,, | ९८५७०१४७५३ |
| ६ | श्री अर्जुन थापा | कालिका स्वा.सा.वि.संस्था | ,, | ९८५१२५८३३६ |
| ७ | श्री सिता पाण्डे | मेरी स्टोप्स | सदस्इ | ९८५११७८८३६ |
| ८ | श्री गोपाल वन्जाडे | निजि तथा संस्थागत अस्पताल | सदस्य | ९८५७०२९९४४ |
| ९ | श्री माधव वेल्वासे | स्थानिय रेडियो | सदस्य | ९८५७०१४७३१ |
| १० | श्री विष्णु व. क्षेत्री | स्वास्थ्य चौकी | सदस्य | ९८४७०४२६२२ |
| ११ | श्री ज्ञानु पोखरेल | रोटरी क्लव | सदस्य | ९८४१८११८४२ |
| १२ | श्री संजिव गहतराज | नेपाल पत्रकार महासंघ | सदस्य | ९८५७०५५४२७ |
| १३ | श्री लक्ष्मी कंडेल | महिला विकास शाखा | सदस्य | ९८४७०९३८५८ |

| | | | | |
|---|---|---|---|---|
| १४ | श्री श्री भण्डारी | किर्डाक नेपाल | सदस्य | ९८४७१७७१२४ |
| १५ | श्री विष्णु प्रसाद खतिवडा | सामाजिक विकास मञ्च | सदस्य | ९८४७३७८२९९ |

## स्वास्थ्य विषेश आपतकालिन पूर्वतयारी तथा प्रर्तिकार्य योजना

**मुख्य विपदको किसिमः झाडा पखाला**

**जोखिम विश्लेषणको नापः उच्च**

**अनुमानित अवस्थाः** यस गाउँपालिका अन्तर्गत रहेका सबै वडाका वस्तिहरुमा झाडपखाला प्रकोप फैलिन सक्ने भएकोले उक्त सबै वडाहरुमा बसोबास गर्ने मानिहरुलाई झाडा पखाला फैलिई कडा खालको जल वियोजन हुन सक्ने भएकोले यसबाट हुन सक्ने संक्रण दरलाई कम गर्न वा रोगथामबाट हुन सक्ने मृत्युलाई रोक्न ।

| क्रियापलापहरु | कसले गर्ने ? (नेतृत्व) | कहिले | कहाँ | स्रोत |
|---|---|---|---|---|
| झाडपखालको प्रकोप फैलिन सक्ने सुदायका मानिसहरुमा झाडापखालाको रोकथाम तथा नियन्त्रण सम्बन्धि जनचेतनामूलक कार्यक्रम संञ्चालन गर्ने | स्वास्थ्य संस्था, न पा, म स्वा स्वयं से | नियमित | सबै वडा | न पा |
| खानेपानिका मुहानहरुमा पानि सुद्धिकरण तथा मुहानको संरक्षन गर्ने | स्वास्थ्य संस्था, न पा, म स्वा स्वयं से | नियमित | खानेपानिका मुहानहर | न पा, व डा |
| विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमहरु संचालन गर्ने | स्वास्थ्य संस्था | मासिक | सबै बिद्यलयमा | व डा, स्वास्य्य संस्था |
| पालिका स्तर र स्वास्थ्य संस्था स्तरमा समन्वायत्मक बैठक बस्ने | स्वास्थ्य साखा र स्वास्थ्य संस्था प्रमुख | मासिक बैठकमा | न पा | न पा, वडा |
| स्वास्थ्य साखा, स्वास्थ्य संस्था र महिला स्वास्थ्य स्वयमसेबिकाहरु संग झाडा पखालाको उपचारको लागि आबश्यक पर्ने औषधिको प्रयाप्तमात्रमा भन्डारण गरि राख्ने | पालिका, स्वास्थ्य साखा, स्वास्थ्य सस्थाहरुमा | नियमित | न पा, स्वास्थ्य साखा | न पा |
| झाडापखाला सम्बन्धि शैक्षिक सामाग्रि तयारी अबस्थामा राख्ने | म.स्वा.स्वयं सेविका, स्वास्थ्य संस्था, दुर्त | नियमित | पालिका स्तरमा | न पा |

| | | | | |
|---|---|---|---|---|
| | प्रतिकार्य टोलि | | | |
| नियमित पालिमा स्तरको मासिक बैठकमा झाडापखालाको तथ्यङ्कलाई बिश्लेषण गर्ने | स्वास्थ्य साखा प्रमुख र स्वास्थ्य संस्था प्रमुखहरुले | मासिक बैठकमा | पालिकास्तरमा | न पा |

**मुख्य विपदको किसिमः स्वासप्रश्वास (भाईरल रुघा तथा ज्वरो)**

**जोखिम विश्लेषणको नापः उच्च**

**अनुमानित अवथाः** यस गाउपालिका अन्तर्गत रहेका सबै वडाका वस्तिहरमा भाईरल रुघा तथा ज्वरो प्रकोप फैलिन सक्ने भएकोले उत्त सबै वडाहरुमा बसोबास गर्ने मानिहरुलाई भाईरल रुघा तथा ज्वरो फैलिई मृत्यु हुन सक्ने भएकोले यसबाट हुन सक्ने संक्रण दरलाई कम गर्न वा रोगथाम बाट हुन सक्ने मृत्युलाई रोक्न ।

| क्रियापलापहरु | कसले गर्ने ? (नेतृत्व) | कहिले | कहाँ | स्रोत |
|---|---|---|---|---|
| स्वासप्रश्वास तथा मैसमी भाईरल रुघा तथा ज्वरोबाट बच्नको लागि समुदायमाका मानिसहरुमा जनचेतनाका कार्यक्रमहरु संचालन गर्ने | स्वास्थ्य संस्था, न पा, म स्वा स्वयं से | पूष माघ र फगुन | सबै वडा र बस्तिहरुमा | न पा, वडा |
| स्वासप्रश्वास तथा भाईरल रुघा तथा ज्वरोको लक्षणको आधारमा उपचर गर्नको लागि स्वस्थ्य सस्था, पालिका र स्वास्थय साखामा अबश्य औषाधि मौज्दात तयारी अबस्थामा राख्ने | स्वास्थ्य संस्था, न पा, स्वास्थ्य साखा | पूष माघ र फगुन | स्वास्थ्य संस्था, न पा, स्वास्थ्य साखा | न पा, व डा |
| स्वासप्रश्वाको विरामिलाई जटिलता भएमा प्रेषण गर्नको लागि नजिकाको सुबिधा सम्पन्न अस्पताललाई तयारि अबस्थामा राख्ने वा पहिचान गर्ने | स्वास्थ्य संस्था, स्वास्थ्य साखा | नियमित | सबै बस्तिहरुमा | व डा, स्वास्य्य संस्था |
| सिकिस्त बिरामिको पहिचान गरी प्रषण गर्ने | स्वास्थ्यकर्मि | आबश्यताका आधारमा | स्वास्थ्य संस्था वा समुदायमा | स्वास्थ्यकर्मि |

**मुख्य विपदको किसिमःकुष्ठ रोग**

**जोखिम विश्लेषणको नापःउच्च**

**अनुमानित अवस्थाः** यस गाउपालिका अन्तर्गत रहेका केही वडाका वस्तिहरमा कुष्ठ रोगको समस्या भएकोले उक्त समस्यालाई नियन्त्रण तथा रोक थाम गर्नको लागी ।

| क्रियापलापहरु | कसले गर्ने ? (नेतृत्व) | कहिले | कहाँ | स्रोत |
|---|---|---|---|---|
| प्रारम्भिक निदान र उपचार बारेमा समुदायमा जनचेतना जगाउन स्वास्थ्य शिक्षा संचार गतिविधिहरुलाई तिब्र बनाउने | स्वास्थ्य संस्था, न पा, म स्वा स्वयं से | नियमित | सबै वडा र बस्तिहरुमा | न पा, वडा |
| रोग प्रभावित क्षेत्रहरुमा विषेश गरि रोगको प्रारम्भिक अबस्थामा पहिचान, निदान र उपचारलाई जोड दिने | स्वास्थ्य संस्था, न पा, | नियमित | स्वास्थ्य संस्था | न पा, वडा, स्वास्थ्य संस्था प्रमुख |
| रोगको लक्षण र निदानको आधारमा उपचर गर्नको लागि स्वस्थ्य सस्था, पालिका र स्वास्थय साखामा अबश्य औषाधि मौज्दात तयारी अबस्थामा राख्ने | स्वास्थ्य संस्था, न पा, स्वास्थ्य साखा | नियमित | स्वास्थ्य संस्था, न पा, स्वास्थ्य साखा | न पा, व डा |
| राष्ट्रिय कुष्ठ रोग उन्मूलन कार्यक्रममा सामुदायिक सहभागितालाई प्रर्बद्धन गर्ने | स्वास्थ्य संस्था, स्वास्थ्य साखा | नियमित | सबै बस्तिहरुमा | व डा, स्वास्थ्य संस्था |
| नगरपालिका स्तरमा कुष्ठ रोगको न्यूनिकरणको लागि केस खोज गतिविधिलाई तिब्र रुपमा अगि बढाउने | स्वास्थ्यकर्मि, महिलन स्वास्थ्य स्वयम सेविका, नगरपालिका | केसको आधारमा( प्रत्यक ६ महिलनमा) | समुदायमा | स्वास्थ्यकर्मि, जनप्रतिनिधि |
| प्रारम्भिक केस पत्ता लगाउन, ब्यबस्थापन र समुदायमा आधारीत स्वास्थ्यकर्मिहरुको क्षमता बिकास गर्ने | नगरपालिका, स्वास्थ्य साखा | केन्द्र र प्रदेश सरकार संग समन्वय | कन्द्र वा प्रदेश वा स्थानिय | अ स्वास्थ्य संस्था, केन्द्र र प्रदेश सरकार |

| | | | | |
|---|---|---|---|---|
| | | गरेर | | |
| सेवाको पहुच नपुगेका बस्ति र सिमान्तकृत, विपन्न समुदायका बस्तिमा सेवाको विस्तार गर्ने | नगरपालिका, स्वास्थ्य साखा | आ ब ७८।७९ | आबश्यकत्ताका आधारमा | नगरपालिका, व डा कार्यालय |

**३.७.२ स्वास्थ्य र पोषण सम्वन्धि प्रतिकार्यका कार्यहरु (घटना घटेको दिनदेखि सामान्यतया ३ महिना)**

